जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक २७ २०८० साल फागुन ६ गते आइतवार (18 Feb. 2024 Sunday) मूल्य रु. ७/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** पत्रकार आचार संहिताको पूर्णपालना ... **पृष्ठ ३ मा :** खुला प्रतिस्पर्धाबाट ... **पृष्ठ ४ मा :** नेपाली औषधि बजार र आर्थिक ... **पृष्ठ ५ मा :** रुसी विपक्षी नेता नाभाल्नी ...

# विकास गर्न अघि बढ्दा विभिन्न भ्रम सिर्जना हुनेगरी प्रचारबाजी भइरहेकोमा रुंगटा परिवारद्वारा दुःख व्यक्त

**राजबिराज**/राजबिराजका प्रतिष्ठित एवं समाजसेवी एक परिवारले पैतृक जग्गालाई व्यवस्थित गर्दै व्यापारिक क्षेत्रको रुपमा विकास गर्न अघि बढ्दा विभिन्न भ्रम सिर्जना हुनेगरी प्रचारबाजी भइरहेकोमा दुःख व्यक्त गरेका छन् ।

सप्तरीकै पुराना व्यवसायी मध्येका एक राजबिराज २ निवासी स्वर्गीय गोविन्दराम रुङटाका परिवारजनले एक प्रेस विज्ञप्ति मार्फत यस्तो दुःख व्यक्त गरेका हुन् ।

नगर र बसोबास व्यवस्थित गर्न, व्यवसायिक वातावरण निर्माण गर्न र आपत विपत परेका बेला राहत कोष नै खडा गरी पीडितलाई सहयोग गर्ने आफ्नो परिवारलाई केही दिन यता एक पक्षले मानमर्दन हुनेगरी गलत र भ्रमपूर्ण प्रचारबाजी गरिरहेको रुंगटा परिवारजनको तर्फबाट जारी प्रेस विज्ञप्तिमा उल्लेख छ ।

कानुनी प्रक्रिया अनुसार विभिन्न कित्तामा रहेको आफ्नो जग्गालाई एकीकृत गराएर अघि बढ्दा एक पक्षले भ्रम सिर्जना हुने गरी गलत प्रचारबाजी र अवरोधको प्रयास गरिरहेका छन्, उनले भने "यसतर्फ आम नागरिकको ध्यानाकर्षण गराउन चाहन्छौं ।"

नगर स्थापना कालदेखि बसोबास गर्दै आएका हाम्रा पुर्खा र हामीप्रति नागरिकता र विभिन्न प्रकारका सानातिना प्रक्रियागत त्रुटिलाई लिएर नकारात्मक सन्देश फैलाउने गरी प्रचारबाजी थालिएको बताउँदै उनले यस्ता भ्रमपूर्ण हल्ला पछाडि नलाग्न समेत सबैसँग आग्रह गरेका छन् ।

पछिल्लो समय परिस्थितिवस हामी केही समयका लागि भौतिक रुपमा बाहिर गएका हौं । राजेन्द्रले भने, "केही समयका लागि टाढिँदैमा ती व्यक्ति गैर नागरिक हुन जान्छ त ? आफ्नो घर जग्गा लगायतका सबै सम्पत्ति यतै छन्, उनले भने "नकारात्मक सन्देश दिएर हाम्रो परिवारलाई अनावश्यक झमेला र दुःख दिने काम तत्काल बन्द गरिनुपर्छ ।"

विज्ञप्तिमा २००७ सालमा स्थापना गरिएको उद्योगी व्यवसायीहरूको छाता संगठन इन्डस्ट्रियल कम्युनिटीका संस्थापक सदस्य, सगरमाथा अञ्चल धान-चामल निर्यात कम्पनीका प्रथम अध्यक्ष, सप्तरी जिल्ला व्यापार संघको संस्थापक अध्यक्ष, केअ माविका सञ्चालन समितिका संस्थापक, नेपाल रेडक्रसका आजीवन सदस्य लगायत विभिन्न संघसंस्थामा आबद्ध रही समाज र राष्ट्रमा योगदान पुऱ्याएका स्व. गोविन्दराम रुंगटाका परिवारलाई लक्षित गरी केही दिन यता संगठित रुपमा एक पक्षद्वारा चलाइएको भ्रमपूर्ण प्रचारबाजीमा कुनै सत्यता नरहेको दाबी समेत गरिएको छ ।

स्व. रुंगटाका छोरा राजेन्द्रले २०२८ सालको सर्वेमा नापी भएका आफ्नो पैतृक जग्गालाई व्यवस्थित गर्दै नगरलाई थप ऊर्जा दिन र व्यापारिक क्षेत्रको रुपमा विकास गर्ने उद्देश्यले ग्रन्ड नेपाल रियल स्टेट प्रालीसँग कानुनी सम्झौता गरी नयाँ बजारको अवधारणाका साथ अघि बढ्दा अनावश्यक र गलत प्रचारबाजी गरी दुःख दिने प्रयास भइरहेको बताए ।

सप्तरीको पुरानो सदरमुकाम हनुमाननगर कोशी बाढीको चपेटामा परेपछि बि.स. १९९० सालतिर रुंगटा परिवार राजबिराज सरेर आएका थिए । बि.स. १९९८ सालमा राजबिराजलाई सदरमुकाम बनाइएपछि रुंगटा परिवार उद्योग व्यवसायसँगै समाजसेवामा सक्रिय भए ।

# आगलागीमा पाँच घर नष्ट



**राजबिराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. २ लौनियामा शनिबार बिहान भएको आगलागीमा पाँच घर जलेर नष्ट भएका छन ।

स्थानिय हरि किसुन मण्डलको गाईगोठबाट सल्केको आगोले छिमेकी बिजय मण्डल, रामरतन मण्डल, भरत साफी र बिन्देश्वर साफीको एक/एक घर जलेर नष्ट भएको हो ।

वडा नं. २ अध्यक्ष कमल मण्डलका अनुसार आगलागिमा

*बाँकी दुई पृष्ठमा*

# हिंसाको बलमा प्राप्त जस्तोसुकै उपलब्धि धेरै समयसम्म टिक्न सम्भव छैन् : उपेन्द्र यादव

**काठमाडौं**/जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले हिंसाको बलमा प्राप्त जस्तोसुकै उपलब्धि धेरै समयसम्म टिक्न सम्भव नभएको टिप्पणी गरेका छन् ।

पूर्व उपप्रधानमन्त्री समेत रहेका जसपा नेपालका अध्यक्ष यादवले अहिंसाको बाटोले मात्रै मुलुकमा प्राप्त उपलब्धिको रक्षा एवं स्थायित्व दिने बताए ।

शुक्रबार जसपा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध बिभागले पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा आयोजना गरेको नेपाल-भारतको समाजवादी आन्दोलनमा डा. राममनोहर लोहिया विचारको सान्दर्भिकता विषयक अन्तरक्रिया कार्यक्रममा अध्यक्ष यादवले समाजवादी विचारधारालाई अनुसरण गर्दै समाजमा पछाडि पारिएका वर्ग र समुदायको




सशक्तीकरणका लागि अहिंसाको मार्ग अवलम्बन गरी सबैलाई मिलेर संघर्ष गर्न आह्वान गरे ।

हिंसाले कुनै पनि मुलुकलाई स्थायित्व नदिएको जिकिर गर्दै अध्यक्ष यादवले सिंगो मुलुक र समाजलाई सही दिशा प्रदान गर्न आजको समयमा समाजवादी चिन्तन झनै सान्दर्भिक रहेको बताए । अध्यक्ष यादवले अन्यायमा परेका नेपाल र भारतका जनताको हक अधिकार सुनिश्चितताका लागि दुवै देशका समाजवादी चिन्तकका बीच साझा सहकार्यको आवश्यक्ता रहेको औंल्याए ।

अध्यक्ष यादवले पछाडि परेका तथा विभेदमा पारिएका जनताको हक, अधिकार र सामाजिक न्याय एवं उनीहरुको सशक्तीकरणका लागि समाजवादी आन्दोलनलाई निर्णायक बिन्दुमा पुर्याउन आफूहरू संघर्षरत रहेको बताए ।

सो अवसरमा भारतका समाजवादी चिन्तक डा. सुनिलम्ले नेपालका समाजवादी शक्तिहरू एकताबद्ध भएर अगाडि बढ्न सके मात्र बिभेदमा परेकाहरूको हक अधिकारका लागि अधिकतम् कार्य एवं उत्थान गर्न सकिने बताए ।

डा. सुनिलम्ले नेपाल र भारत दुबै देशमा कृषक र मजदूर वर्गमाथि चरम बिभेद र अन्याय कायम रहेकोले द्वयदेशिय समाजवादी चिन्तकका बीच संघर्षको चरणमा सहकार्यको आवश्यक्तामा जोड दिए ।

# जनप्रतिनिधीबाट कुटिए महिला




**राजबिराज**/मिटरब्याजीको आरोप खेपीरहेका सप्तरीका एक जनप्रतिनिधिले सोही बिषयलाई लिएर महिलाहरुमाथी निर्घात कुटपीट गरेका छन् ।

सप्तरीको रुपनी गाँपालिका ५ का वडाअध्यक्ष गंगाराम यादवले सोही पालिका वडा ६ तेरहौताकी ५० वर्षिया सुनरी देवी चौधरी र ५५ वर्षिया बच्चा देवी चौधरीलाई कुटपिट गरेको आरोप लागेको छ ।

ऋण वापत चर्को ब्याज लिएको र सो रकम तिरेर धितो वापत राखेको जग्गा फिर्ता गर्न नमानेको विषयमा सम्बन्धीत

*बाँकी दुई पृष्ठमा*

## वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,
- नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,
- पुनः जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## मदिरा तथा सुर्तीजन्य पदार्थ नियन्त्रणतर्फ पहल आवश्यक

मदिरा तथा सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न आवश्यक रहेको छ । अहिले मदिरा र सूर्तीजन्य पदार्थ प्राय सबै उमेर समूहका व्यक्तिले सेवन गरेको पाइन्छ । मदिरा र सूर्तीजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक हो । तर पनि मानिसहरुको यसको प्रयोग गरिरहेका छन् । जसकारण यसको सेवनकर्ता बढीरहेको छ । कुनै चाड पर्व होस् वा खुशीको क्षण वा दुखीको पल यी सबैमा अहिले अनिवार्य नै भइसकेको छ । मानिसहरुले यी क्षणमा मदिरालाई प्राय अनिवार्य नै गरिसकेका छन् । यस्तै भोजभतेरमा मदिरा खनिवार्य नै भइसकेको छ । यसका साथ साथै सूर्तीजन्य पदार्थ पनि मिसिएको छ । यो पनि बानी नै भइसकेको छ ।

यता सप्तरी जिल्लामा अवैध रक्सीको कारोबार फस्टाउँदै गएको छ । सिल प्याक रक्सीमा बढी खर्च हुने र स्थानीय तहमा निर्माण गरिएको रक्सीमा कम मूल्यमा उपलब्ध हुने भएका कारण पनि स्थानीय स्तरमा उत्पादन भएको रक्सीमा सेवनकर्ताहरुको चासो बढ्दै गएको छ । सस्तो दरमा रक्सीको बिक्रीबितरण गर्ने यस्ता व्यापारीहरुको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । रक्सीको नाममा बिष बेच्नेहरु मोटाउनेछन् भने धेरै एकल महिला बन्ने र बालबालिका टुहुरो बन्दै जाने निश्चित भएका कारण यसप्रति सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ ।

सरकारले मदिरा र सूर्तीजन्य पदार्थमा हरेक वर्ष मुल्य बढाएपनि यसको बिक्रि भने झनै बढ्दै गएको छ । मुल्य बढेपनि सरकारलाई यी पदार्थबाटै बढी नै कर आउने गरेको छ । तसर्थ यस्ता पदार्थ सेवनकर्ताले आफ्नो स्वास्थ्यको समेत ख्याल गरि कुलतबाट छुटकारा पाउनका लागि ध्यान दिनु आवश्यक छ ।

# पत्रकार आचार संहिताको पूर्णपालना गर्नमा जोड

**राजविराज**/राष्ट्रिय समाचार समिति (रासस) को ६३ औं वार्षिक उत्सवको अवसर बिहिबार राजबिराजमा आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले पत्रकार आचार संहिताको पूर्णपालना गर्नमा जोड दिएका छन् ।

रासस सप्तरीको आयोजनामा आयोजित "जिम्मेवार पत्रकारिता र राससको भूमिका" विषयक अन्तरक्रियाका प्रमुख अतिथि मधेश प्रदेशका अर्थ तथा योजना समितिका सभापति सतिशकुमार सिंहले जिम्मेवार र मर्यादित पत्रकारिता गर्न सुझाव दिएका छन् ।

उनले आचारसंहिताको पूर्णपालना गर्दै जिम्मेवार र मर्यादित पत्रकारिता गर्न सञ्चारकर्मीहरूलाई आग्रह गर्दै जिम्मेवार र मर्यादित पत्रकारिताले यस क्षेत्रको विकास र विश्वासनीयता कायम गर्न मद्दत पुग्ने उल्लेख गरे ।

मुलुकमा ठूलो संख्यामा मैथली भाषाभाषी रहेको भन्दै उनले राससले आफ्नो समाचार सामग्री मैथिली भाषामा समेत पाठक समक्ष पस्कन सके मैथिली भाषाभाषीले समेत राससप्रति अपनत्व महसुस गर्ने बातावरणको निर्माण हुने उनको भनाई थियो ।

राससका प्रादेशिक प्रमुख टिकाराम सुनारले जनताको करबाट सरकारी मिडिया रासस चलिरहेको भन्दै समय समयमा खबरदारी र सहकार्य गर्नुपर्नेमा जोड दिए । अहिले राससले बिचारसेवा, नेपाली भाषा, अङग्रेजी, अडियो, भिडियो, फोटो र हालमा आवधी भाषा सुरु गरेको जानकारी दिदै उनले अहिले बदलिदो अवस्थाामा राससमा मैथिली भाषाको पनि कुरा चलिरहेकोले यसमा सबैले सहयोग गर्नुपर्ने बताए ।

नेपाल पत्रकार महासंघका अध्यक्षा श्रवणकुमार देवले राससले संघीयता अनुरुप यसबर्षदेखि जिल्ला/जिल्लामा बार्षिकोत्सव मनाउन लागिएको भन्दै शुभकामना ब्यक्त दिए । उनले पत्रकारिता पेशा जिम्मेवार भएकाले पत्रकारहरुले सामाजिक परिर्वतनमा अहम भुमिका खेल्नुपर्ने उल्लेख गरे ।

प्रेस स्वतन्त्रता सेनानी एवं बरिष्ठ पत्रकार बैधनाथ झाले भने "रासस पहिला सरकारको मात्र समाचार दिन्थ्यो तर, अहिले युग परिर्वतन भएसंगै सामाजिक, राजनैतिक र समाजिक न्याय जस्ता समाचारहरु दिन थालिएकोमा खुशि छु ।"

पत्रकार महासंघका सल्लाहकार मनोहर कुमार पोखरेलले जिम्मेवार पत्रकार स्वतन्त्र पत्रकार भएर काम गर्नुपर्ने भन्दै उनले भ्रमपुर्ण समाचारका कारण पनि युटुबरहरुले गर्दा सामाजिक बिकृती बढिरहेको बताए ।

मैथिली साहित्य परिषद्का अध्यक्ष अवधेश झाले केही गैरपत्रकारको गैरकानुनी गतिविधिले समग्र पत्रकारिता क्षेत्रलाई नै बदनाम गर्न लागेको भन्दै यसको रोकथामका लागि सबै मिलेर काम गर्नुपर्ने आवश्यकता औल्याए ।

राससका पुर्व प्रतिनिधि राजेश कुमार झाले अहिले राससमा पहिलाको भन्दा धेरै बिकसीत भएर बिभिन्न भाषामा समाचार सम्प्रेसन भइरहेको बताउदै राससमा मैथिली भाषामा पनि समाचार सम्प्रेशन गर्नुपर्नेमा जोड दिए ।

प्रेस युनियनका केन्द्रीय सदस्य सुधा देवले सरकारी मिडियाले महिलाहरुलाई पनि सहभागिता गराउनुपर्ने र सप्तरी जिल्लासहित मधेशका महिलाहरु अवसर नपाएका कारण पत्रकारितामा कमि आएको गुनासो पोखिन् ।

प्रहरी नायब उपरिक्षक दुण्डीराज नेउपानेले राससले जनतालाई जिम्मेवारी बहन हुने खालको समाचार दिइरहेको भन्दै प्रहरी र पत्रकार नङ्ग र मासुको सम्बन्ध हुने भएकाले सप्तरी जिल्लालाई अपराध मुक्त बनाउनका लागि पत्रकारहरुले पनि सहयोग गनुपर्नेमा जोड दिए ।

कार्यक्रममा जनता समाजबादी पार्टी (जसपा) नेपाल सप्तरीका अध्यक्ष केदार प्रसाद यादवले निश्पक्ष पत्रकारिता हुनुपर्नेमा जोड दिए ।

रासस सप्तरीका कार्यालय प्रमुख शम्भु प्रसाद यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राससका जिल्ला समाचारदाता अरुणकुमार यादव, नानिमैया कटवाल, सिरहाको लहान कार्यालयका प्रमुख सुदिप राउत, समाचारदाता लोकेन्द्र प्रसाद यादव लगायत बिभिन्न मिडियामा कार्यरत संचारकर्मी, राजनैतिक दलहरुका प्रतिनिधिहरु समेतको उपस्थित रहेको थियो ।

# एक सय २६ दिनदेखि जारी अनिश्चितकालीन रिले अनसन तोडिए

**राजविराज**/रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रस्तावित निर्माणस्थलमा विगत १ सय २६ दिनदेखि जारी अनिश्चितकालीन रिले अनसन शुक्रबार तोडिएको छ ।

अनसनकारीको माग सम्बोधन गर्ने क्रममा प्रतिष्ठान पूर्वाधार तयारी विकास समितिको अध्यक्षमा डा.परशुराम मिश्र अनशन स्थलमा पुगि अनसनकारीसँग वार्ता र छलफल गरी अनसन तोडाएका हुन् ।

अलपत्र परेको प्रतिष्ठानको निर्माण कार्य यथासिघ्र सुरु गर्नुपर्ने, प्रतिष्ठानको पूर्वाधार तयारी विकास समितिमा रिक्त भएको पदहरु पूर्ति गर्नुपर्ने, आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने लगायतका प्रमुख माग अघि सार्दै संघर्ष समितिको अगुवाइमा रिले अनसनलाई लामो समयदेखि निरन्तरता दिइँदै आएको थियो ।

सो अवसरमा राष्ट्रिय योजना आयोगका सदस्य डा. जयकान्त राउतको उपस्थितमा डा. मिश्रबाट केही दिनभित्रै प्रतिष्ठान निर्माण कार्य सुरु गर्ने प्रतिबद्धता आएपछि अनसन तोडिएको संघर्ष समितिका संयोजक रामकुमार दासले बताए । उनले प्रतिबद्धता अनुसारको काम अघि नबढे पुन आन्दोलनमा उत्रिने जानकारी समेत गराएका थिए ।

शिलान्यास भएको ३१ महिना बितिसक्दा पनि प्रतिष्ठानको काम हालसम्म अघि बढ्न नसकेको भन्दै स्थानीयबासीद्वारा गठित संघर्ष समितिको अगुवाईमा गत २६ असोजदेखि रिले अनसन थालिएको थियो ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने सरकारको नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्रिपरिषदको बैठकले मधेश प्रदेशको राजबिराजमा गणतन्त्रवादी नेता स्वर्गीय रामराजा प्रसाद सिंहको नाउँमा प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । यसका लागि २०७८ जेठ २१ गते मन्त्रिपरिषदको बैठकले राजबिराज नगरपालिका १० बिरोलमा ६२ बिघा जग्गा उपलब्ध गराउने निर्णय समेत गरेको थियो । जग्गाको टुङ्गो लागेपछि २०७८ असार २२ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठान भवन निर्माणको भर्चुअल माध्यमबाट शिलान्यास गरेका थिए । तर शिलान्यास गरेको ३१ महिना बितिसक्दा पनि निर्माण काम सुरु नभएपछि स्थानीयवासी आन्दोलनमा उत्रेका थिए ।

### जनप्रतिनिधीबाट ...

निकायमा उजुरी गर्दा आफुहरु कुटिएको महिलाहरुले आरोप लगाएकी हुन् ।

नेपाल पत्रकार महासंघ सप्तरीमा शनिबार पत्रकार सम्मेलनको आयोजना गरी ती महिलाहरुले घट्नाको छानबीन तथा दोषीमाथी कारबाहीको माग गरेकी छिन् । बडाअध्यक्ष यादवकै अगुवाईमा गत माघ ७ गते बडा कार्यालय नजिकैको सडक खण्डमा आफुहरुमाथी कुटपीट गरी घाइते बनाएको र स्वास्थ्यलाभ पश्चात् न्यायका लागी पहल गरिदिन सञ्चारकर्मी माझ आईपुगेको पत्रकार सम्मेलनमा पीडित महिला सुनरी देवी चौधरीले बताइन ।

उनले आफुमाथी आक्रमण हुँदा बचाउन पुगेकी छिमेकी बच्चा देवी समेतलाई निर्घात कुटपीट गरिएको र दुवै जना उपचारका लागी गजेन्द्र नारायण सिह अस्पतालमा भर्ना भई स्वास्थ्य लाभ पश्चात घर फर्किएको बताईन । उनले उपचारको क्रममा खर्च भएको ५० हजार रुपैया पनि ऋण सापटी लिनु परेको सुनाईन ।

८ वर्ष अघि २ लाख रुपैया यादवसँग ऋण लिए वापत सोही पालिका स्थित १४ कट्ठा ३ धुर जग्गा उनलाई धितो बापत पास गरेर दिएको सुनरी देवीको भनाई छ । ऋण लिएको २ वर्ष पछि २ लाख ५० हजार रुपैया (ब्याज सहित) फिर्ता दिन जाँदा यादबले लिन नमानेको र जग्गा समेत फिर्ता गर्न नमानेकाले आफ्नो बिचल्ली भएको सुनरी देवीले सुनाइन् ।

दुई लाख रुपैया ऋण बापत धितो राखेको पुरै जग्गा यादवले कब्जा गरेपछि गाउँपालिकाको न्यायिक समिती, जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालय उजुरी दिएपनि अहिले सम्म आफुले न्याय नपाएकवो पीडितको गुनासो छ । वडा कार्यालयमा समेत उजुरी दिन जाँदा लिन आलटाल गरेको र पछिल्लो पटक माघ ७ गते आफुमाथी वडाध्यक्ष यादवले मानिस समेत लगाएर निर्घात कुटपीट गरेपछि थप ५० हजार रुपैया कर्जा लिएर उपचार गर्नू परेको उनको दुखेसो छ । आफुलाई न्याय दिलाई दिन पहलका लागी उनले सञ्चारकर्मीहरुसंग आग्रह गरेकी छिन् ।

यता वडाअध्यक्ष यादवले हुल बाँधेर बडा कार्यालयमा आई आफुलाई उल्टै गालीगलौच गरेको बताँउदै जग्गा आफुले ५ लाख रुपैया तिरेर किनेको दाबी गरेका छन् । उनले ती महिलाहरुलाई कुनै कुटपीट नगरेको र विभिन्न बहाना बनाई आफूलाई बदनाम गर्न खोजेको बताएका छन् ।

### आगलागीमा...

घरको अन्नपात, गरगहना, लत्ताकपडा, फर्निचर र अन्य सामान समेत जल्दा करिब २५ लाख बराबरको क्षति भएको छ ।

स्थानियवासीको मद्दतमा राजबिराज नगरपालिकाबाट पुगेको बारुणयन्त्रले आगो नियन्त्रणमा लिएका छन् ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# खुला प्रतिस्पर्धाबाट उपकुलपतिको नियुक्ति कति दुरगामी ?

**सुदेश पण्डित**

२०१२ सालमा संगठित र २०१६ सालमा स्थापित नेपालकै सबैभन्दा पुरानो र संरचनाका हिसाबले सबैभन्दा ठुलो विश्वविद्यालय हो, त्रिभुवन विश्वविद्यालय । यसका बारेमा जतिसुकै नकारात्मक टिप्पणी आऊन्, यहाँबाट उत्पादित जनशक्तिले विश्वका हरेक कुनामा उपस्थिति जनाएर यसको गरिमालाई बढाएका छन् । युवा जनशक्ति बिदेसिएकामा विश्वविद्यालयलाई दोषी देखाउन खोजिएको पाइन्छ, तर यो बिदेसिएको जनशक्ति यही त्रिभुवन विश्वविद्यालयको शैक्षिक जगमा टेकेर विदेशी विश्वविद्यालयमा प्रवेश पाउन सक्षम भएको कुरा बिर्सन हुँदैन ।

नेपालको शैक्षिक विकासमा त्रिभुवन विश्वविद्यालयको योगदान अतुलनीय छ । विश्वविद्यालय आफैँ रोजगारी सिर्जना गर्ने संस्था होइन, यसको मुख्य काम ज्ञानको सिर्जना गर्ने र दक्ष जनशक्ति उत्पादन गर्नु हो । रोजगारी र बेरोजगारीको अवस्था सरकारले लिएको नीति र त्यसको कार्यान्वयनमा निर्भर हुन्छ ।

देशकै शैक्षिक नेतृत्व गर्ने र ज्ञानको सिर्जना गर्ने प्रमुख प्राज्ञिक संस्था त्रिभुवन विश्वविद्यालयमा गरिने उपकुलपतिको नियुक्तिलाई लिएर शैक्षिक जगत्मा चासो, चिन्ता र बहस हुने गरेको छ । त्रिभुवन विश्वविद्यालय आफैँमा एउटा स्वायत्त प्राज्ञिक संस्था हुनु र उपकुलपति विश्वविद्यालको प्रमुख कार्यकारी हुने भएकाले पनि यो विषयले महत्त्व पाउनु स्वाभाविक छ ।

त्रिभुवन विश्वविद्यालयमा उपकुलपतिको नियुक्ति 'त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५०' को परिच्छेद ४५ को दफा १५१ को उपदफा १ बमोजिम कुलपति (प्रधानमन्त्री) ले गर्नेछन् । उपकुलपति विश्वविद्यालको प्रमुख नेतृत्व हुने भएकाले उसमा प्राज्ञिक विशिष्टता, प्रशासनिक दक्षता र राजनीतिक चेत हुन आवश्यक छ । प्राज्ञिक विशिष्टता हुँदैमा प्रशासनिक दक्षता हुन्छ नै भन्ने हुँदैन । त्यसैले यी तिनै गुणले सम्पन्न उपकुलपतिले मात्र प्रशासनिक रूपमा समन्वयकारी भूमिका खेल्दै विश्वविद्यालयको प्राज्ञिक मर्यादा कायम राख्न सफल हुन्छन् । विश्वविद्यालयमा प्राध्यापन गर्ने सबै तहका प्राध्यापकको आधारभूत शैक्षिक उपाधि र कामको प्रकृति एउटै हुने भएकाले पनि ज्ञान र विज्ञताका हिसाबले सबैजसो प्राध्यापकको योग्यता समान किसिमकै हुने गर्दछ । यद्यपि थप मेहनत, परिश्रम र लगनशीलताले केही प्राध्यापकहरू तुलनात्मक रूपमा प्राज्ञिक क्षेत्रमा आफूलाई अब्बल प्रमाणित गर्न सफल भएका छन् ।

त्रिभुवन विश्वविद्यालयमा हुने चरम राजनीतीकरणले विश्वविद्यालय ध्वस्त भयो भन्ने भाष्य स्थापित गरिँदै छ, तर त्यो भाष्य स्थापित गर्न विश्वविद्यालयबाट अनुचित व्यक्तिगत लाभ उठाउन खोज्ने, तर त्यो प्राप्त गर्न नसक्नेहरूको समूह नै बढी क्रियाशील भएको पाइन्छ । जस्तै : स्नातकोत्तर उत्तीर्ण हुनेबित्तिकै आफूलाई विश्वविद्यालय प्राध्यापकको दाबेदार मात्र नभई अधिकार ठान्ने पात्र र प्रवृत्ति पनि मौलाउँदै छन्, यस्ता पात्रले सिधै विभागीय प्रमुख वा अन्य कोही पदाधिकारीसँग पढाउन कक्षा माग्छन्, त्यो नपाएपछि 'दलको मान्छे नभएर मैले पाइनँ' भन्नेजस्ता कुण्ठायुक्त भनाइ र लेखहरूको सहारा लिन्छन्, यसले प्रश्रय पाइरहेको देखिन्छ । राजनीतीकरण र दलीयकरण दुई फरक विषयवस्तु हुन् । प्राध्यापकहरूले राजनीतिक विचारका बारेमा बहस, छलफल गर्न र त्यसमा सहमत वा असहमत हुनु हुँदैन भन्नु आफैँमा नमिल्दो देखिन्छ । विश्वविद्यालय आफैँमा राजनीतिक सिद्धान्त प्रतिपादन गर्ने, बहस गर्ने, आलोचना गर्ने, वैचारिक र सैद्धान्तिक कित्ताकाट गर्ने प्रमुख थलो हो । जहाँ हरेक राजनीतिक सिद्धान्त र नीतिहरूका बारेमा तर्क, बहस, छलफल, आलोचना र समर्थन हुन आवश्यक छ । जसका आधारमा राज्य वा संस्था सञ्चालनका आधारहरू (विधि र विधानहरू) तय गरिन्छ । जसले नेतृत्वलाई समेत मार्गनिर्देशन गरेका हुन्छन् । तर राजनीतिक नेतृत्वले आफ्नो दलीय स्वार्थका लागि विश्वविद्यालयमा दलीयकरण गर्न खोज्ने र विश्वविद्यालयको नेतृत्वले पनि आफ्नो व्यक्तिगत स्वार्थका लागि दलीयकरणमा सहभागी हुनु प्रमुख समस्या हो ।

विश्वविद्यालयका अग्रज प्राध्यापकका अनुसार विश्वविद्यालयमा दलीयकरणको सुरुवात २०५१ सालमा तत्कालीन नेकपा एमालेका अध्यक्ष मनमोहन अधिकारीको नेतृत्वमा सरकार गठनपछि भएको हो । त्यतिबेला तत्कालीन उपकुलपति प्राध्यापक केदारभक्त माथेमालाई राजीनामा गर्न लगाएर २०४९ सालको स्थानीय निर्वाचनमा एउटा दलको तर्फबाट मेयरको प्रत्याशी रहेका वा दलका कार्यकर्ता भइसकेका प्राध्यापक कमलकृष्ण जोशीलाई उपकुलपति बनाइयो । यद्यपि उनी प्राध्यापकीय दृष्टिले योग्य थिए होलान्, तर विश्वविद्यालयको मूल्यल स-मान्यतालाई भत्काएर विश्वविद्यालयकै इतिहासमै सबैभन्दा अब्बल उपकुलपति भनेर चिनिएका माथेमालाई कार्यकाल छँदै हटाउनु नै दलीयकरणको सुरुवात हो भन्न सकिन्छ, तर यसो भन्दैमा बिग्रेको कुरालाई पछ्याउने हो भने सुधार कहिल्यै हुँदैन, झनै बिग्रँदै जान्छ ।

'मबाहेक सबै खुला प्रतिस्पर्धाबाट छानिनुपर्छ, म विशेष हो' भन्ने आम प्रवृत्ति रहनु र त्यो अनुसार आफूलाई प्राप्ति नहुँदा कुण्ठाहरू व्यक्त गर्दा सबै खत्तम, सबै बर्बाद भयो भनेर दुष्प्रचारको शैली नै आजको मुख्य समस्याको जड भएको छ । हिजो चाहेको विषय पढ्न नपाउनेहरूलाई आज त्रिविले घरैबाट पढ्न पाउने अवसर दिएको छ, हिजो झ्यालबाट पस्नेहरू नै आज विश्वविद्यालयलाई बदनाम गर्न प्रयोग भएको देखिन्छ । संगठनभित्रै र बाहिरबाट भएको यस किसिमको आक्रमणबाट जोगाउन कुनै जागिरे मानसिकताबाट दरखास्त फारम भरेर नियुक्ति पाउनेहरूमध्येबाट विश्वविद्यालय जोगिएला वा कुनै परिणाम आउला भन्नेमा ढुक्क हुने आधार छैन। खुला प्रतिस्पर्धाबाट उपकुलपतिको नियुक्ति, सुन्दा आकर्षक लागे पनि यसको दुरगामी प्रभाव सकारात्मक नहुन सक्छ । 'उपकुलपति' आफैँमा जागिरे पद नभई प्राज्ञिक र प्रशासनिक नेतृत्व हो । जोसँग जोन म्याक्सवेलले नेतृत्वको बारेमा भनेको भनाइ 'नोज द वे, गोज द वे एन्ड सोज द वे'जस्तै भिडको पछि लाग्नेभन्दा भिडलाई सही बाटो देखाएर गन्तव्यमा पुर्‍याउने क्षमता हुनुपर्छ । यसका लागि जागिरे मानसिकताबाट सम्भव छैन । बिनास्वार्थ दृढ इच्छाशक्ति आवश्यक हुन्छ । नेतृत्व भनेको कार्य हो, पद होइन भन्ने बुझ्न आवश्यक छ । त्यस किसिमको व्यक्तित्वले पाएको जिम्मेवारी इमानदारितापूर्वक वहन गर्छन् तर माग्न र खोज्न जाँदैनन्, नपाएकामा कुण्ठा पनि राख्दैनन् ।

कुलपति (प्रधानमन्त्री)को आशय जस लिनेभन्दा विश्वविद्यालय सुधार गर्ने हुनुपर्छ । त्यसका लागि सुन्दा आकर्षक तर सकारात्मक नतिजा नदिने विकल्पको पछि लाग्नुको सट्टा तत्काल दलीय स्वार्थ नजोडिए पनि देश र समाजलाई हित गर्ने कार्यले कुलपति (प्रधानमन्त्री)को दल र कुलपति (प्रधानमन्त्री) स्वयंलाई पनि दीर्घकालसम्म फाइदा नै गर्नेछ । (लेखक पृथ्वीनारायण क्याम्पस, पोखरामा उप-प्राध्यापक छन् ।) रातोपाटीबाट


## साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा  मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि**
**डाक्नेश्वरी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी**

# नेपाली औषधि बजार र आर्थिक असरः अहिले ५० प्रतिशत औषधि कम्पनी बिक्रीमा छन्

**शंकर घिमिरे**

अहिलेको आर्थिक मन्दीले सबै क्षेत्रमा प्रभाव पारेको छ । औषधि बजारमा पनि त्यसको असर परेको छ । औषधि त कसैले पनि उधारो खाँदैनन्, बिरामीहरूले घर बन्दीकी राख्लान् तर औषधि उधारो लिँदैनन् भन्ने प्रश्न आउन सक्छ । वास्तमा यो कुरा साँचो पनि हो । तर बिरामीले उधारो नखाए पनि खुद्रा पसलदेखि स्टोर हुँदै उत्पादकसम्म आउँदा धेरै उधारोहरु बाँकी रहेको हुन्छ ।

औषधि उद्योग र आर्थिक कारोबार (क्यास)को फरक बुझ्न सप्लाइ चेन बुझ्नुपर्छ । हामी औषधि बनाउँछौं । कति उद्योगको औषधि सुपर डिलरलाई जान्छ । सुपरडिलरले औषधि ठाउँठाउँका स्टकिस्टहरूमा दिन्छ । त्यसपछि बल्ल पसलमा गएर बिक्री गरिन्छ ।

धेरै उद्योगको कुरा गर्दा प्रायःको स्टकिस्टले लिन्छ, स्टकिस्टबाट रिटेलरमा जान्छ । रिटेलरकहाँ ग्राहकले आएर किन्ने गर्छन् । तर औषधि क्षेत्रको प्रत्यक्ष ग्राहक बिरामी नभइ डाक्टर हुन् । डाक्टरले कुन औषधि प्रेस्काइब गर्छ बिरामीले त्यही अनुसार किन्ने हो । बिरामीले पसलबाट औषधि किन्दा उधारोमा जाँदैन । गाउँघरतिर कतै चिनेजानेको छ भने एकाध स्थानमा होला नत्र बिरामी वा बिरामी पक्षले औषधि नगदमा नै किन्छन् । तर आर्थिक मन्दीका कारण औषधि पसलले बिरामीबाट पाएको पैसा सबै होलसेलर वा स्टकिस्टलाई दिएको छैन । उनीहरुले अन्यत्र तिर्नुपर्ने स्थानमा रकम दिइरहेको वा खर्च गरिरहेको देखिन्छ । अब स्टकिस्टको पनि आफ्नै समस्या छ । जसका कारण सबै रकम कम्पनीमा आउन सकेको देखिँदैन । यहाँ ब्रेक लागेको छ ।

विकसित देशहरूमा औषधि पसल नेपालमा जस्तो छ्याप्छ्याप्ती छैन । प्रणाली बलियो छ । यहाँचाहिँ औषधि पसल नै ३० हजार बढी छन् । यी मध्ये कति त दर्ता भएर सरकारी प्रणालीमा आएका पनि छैनन् । कति नविकरण पनि छैनन् । पसल धेरै हुँदा धेरै सामान धेरै तिर छिरिएको र त्यताबाट बिक्रि भएर पैसा नआएको अवस्था छ । यसका साथै पछिल्लो समय औषधिको कारोबार पनि कम नै छ ।

अहिलेको स्थिति सोचेजस्तो छैन । ६०/६५ करोडभन्दा बढी लगानी गरेको हाम्रो एउटा कम्पनी बिक्री गर्नुपर्ने अवस्थामा छ । चलाउनै सकिएको छैन । खुला सिमाना र यति धेरै औषधि कम्पनी हुँदा अस्वस्थ प्रतिस्पर्धा पनि बढेको छ । हाम्रो मात्र होइन अहिले ५० प्रतिशत जति नेपाली कम्पनी बिक्रीमा छन् । कति साथीहरूले खोलेको फ्याक्ट्री हाल बेच्नुपर्दा लगानी गरेको ३० प्रतिशतमा भ्यालु गर्नुपर्ने भएको छ । त्यति हुँदा पनि कम्पनीहरु सजिलै बिक्री हुन सकेका छैनन् भन्ने गुनासो छ । एक अर्ब लगानी गरेर खोलिएको औषधि उद्योग ३० करोडमा बेच्यो भने के हुन्छ?

हामीले मार्जिनलाई नाफाको रुपमा बुझ्यौं र घरखेत बेचेर पनि उद्योग खोल्यौं । तर यहाँ बुझ्नुपर्ने कुरा के हो भने मार्जिन भनेको नाफा हैन । औषधि उद्योग भनेको हाइटेक उद्योग हो । हिजोको त्यो मेसिन थोत्रो हुन्छ भन्ने कुरा ख्याल गरिएन । रिसर्च एन्ड डेभलप्मेन्ट (आरएन्डी)मा विकास गर्नुपर्ने, उद्योगमा नयाँ प्रविधि भित्र्याउनुपर्नेमा खर्च राखिएन । सिधा नाफा लगेर बाँड्न थालियो । अनि उद्योग थोत्रो हुन थाल्यो, समयअनुसार अपग्रेड गर्न थप लगानी गर्न सकिएन । अनि कसरी लगानी गर्ने? ५०/६० प्रतिशत कम्पनीका लागनीकर्ताले फुट्टो पैसा पाएका छैनन् ।

यहाँ अर्को बुझ्नु पर्ने विषय भनेको भ्यालु एडिसन पनि हो । यो विषय धेरैले बुझेको देखिँदैन । भ्यालु एडिसन भनेको सस्तोमा ल्याएर महंगोमा बनाएको होइन । त्यहाँको जनशक्तिले रोजगार गरेको, बैंकले लगानी गरेर ब्याज लिएको, सरकारलाई कर तिरेको, यहाँको प्रविधिले सिप सिकेको, अनुसन्धान गरेको, बजारको ढुवानी, भण्डारण लगायत सबै कुरा जोडिने विषय हो । तर यहाँ सरकारलेखि केही सञ्चारकर्मीले ६ रुपैयाँमा कच्चा पदार्थ किनेर ३० रुपैयाँमा औषधि बिक्री गर्यो र २४ रुपैयाँ नाफा गर्यो भनेर गलत बुझेको देखियो । वास्तवमा त्यो होइन । ६ रुपैयाँमा कच्चा पदार्थ किनेर नेपाली फर्मासिस्टले तलब पाउने, मार्केटिङको जनशक्तिले तलब पाउने, बैंकले ब्याज पाउने, सरकारले कर पाउने, उद्योगमा नयाँ प्रविधि ल्याउने, अनुसन्धान गर्ने सबै कुरा जोडेर ३० हुने हो । यदि हामीले यी सबै कुरा भएर तयार भएको औषधि ल्यायौं भने त ६ रुपैयाँको स्थानमा ३० रुपैयाँ नै बाहिर गयो । यहाँको रोजगारी गुम्यो । देशलाई थप आर्थिक क्षति भयो नि । जापानले आफ्नो देशमा फलाम नभएकाले विश्वभरीबाट केजीका केजी फलाम सस्तोमा किनेर महँगा गाडी बनाएर भ्यालु एड गरेर धनी भएको भन्ने हामीले पढ्ने गर्थ्यौं । त्यसकारण भ्यालु एडिसनका कुरा बुझ्न जरुरी छ । भ्यालु एडिसन हुने उद्योले मात्र देशको मुहार फेर्न सक्छ ।

सरकारबाट पनि औषधि उद्योगीलाई भनेजस्तो आश छैन । सरकारले हामीलाई जसरी सहयोग गर्नुपर्ने थियो त्यो सहयोग गरेको छैन । बंगलादेशमा कुनै पनि उत्पादन दुई वटा कम्पनीले राम्रोसँग गरिरहेको छ भने त्यही उत्पादन बाहिर देशबाट ल्याउन रोक लगाएर उद्योगलाई सहयोग गरिरहेको देखिन्छ । एकैखालका उत्पादन धेरै कम्पनीबाट निकाल्न दिँदैनन् । तर यहाँ त एउटा प्रोडक्ट बनाउन सबै ८० वटा कम्पनीलाई पनि लाइसेन्स दिइएको छ । उदाहरणका लागि प्यान्टाप्राजोल बनाउने भनेर जो-जो आए पनि सबैलाई लाइसेन्स दिइन्छ । यसले पनि बजारमा अस्वस्थ प्रतिस्पर्धा बढाएको छ ।

सरकारले पूर्ण सहयोग गरेर चलाएको उद्योग नेपाल औषधि लिमिटेडको हालतबाट नै बुझ्न सकिन्छ कि औषधि उद्योग र पीडा । जग्गा, जमिन, उपकरण तथा मेसिनरी सेटअप पूरा भएको उद्योगलाई दुई अर्ब सहयोग गर्दा पनि पारासिटामोल र जीवनजल बाहेक देशलाई केही उत्पादन गरेर दिन सकेको छैन । हामीले त्यही भनिरहेका छौं । २०६४ सालमा मूल्य निर्धारण गरेर सरकार मौन छ । समयसापेक्ष रुपमा मूल्य संशोधन गर्नबाट सरकार पन्छिएको छ । उसो त अहिले पारासिटामोलमा १ रुपैयाँबाट २ रुपैयाँ गर्न दिएको छैन । मूल्य बढाउन दिँदै दिँदैन । अहिले उद्योग घाटामा छन् । कच्चा पदार्थको मूल्य २० रुपैयाँ किलो हुँदा तय गरेका मूल्य अहिले १ सय २० पुगिसके । डलरको भाउ ६५ बाट १ सय ३० भन्दा बढी पुगेको छ । तर हामीले कच्चा पदार्थ केजीको २० रुपैयाँ र डलरको भाउ ६५ हुँदैकै मूल्यमा पारासिटामोल बनाएर बिक्री गर्नुपर्छ । यस्ता धेरै समस्याका कारण नेपाली औषधि बजारमा मन्दी छाएको हो । यसको समाधान तर्फ सरकार गम्भीर हुनैपर्छ । मूल्यबारे हरेक ६/६ महिनामा समीक्षा गर्नुपर्छ र उद्योगलाई न्याय गर्नुपर्छ । (घिमिरे नेपाल औषधि उत्पादक संघका पूर्व अध्यक्ष तथा एशियन फर्मास्युटिकल्स प्रालिका कार्यकारी संचालक हुन् ।) स्वास्थ्य खबरबाट

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरी**

## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**

# मृत्यु भएका बन्दीका आफन्तजनद्वारा प्रदर्शन

**राजविराज**/कारागारको शौचालयमा झुण्डिएर मृत्यु भएका बन्दीका आफन्तजनले घटनाको छानबिनको माग गर्दै प्रदर्शन गरेका छन् ।

सप्तरीको हनुमाननगर कंकालीनी नगरपालिका ६ का देवेन्द्र मण्डलका आफन्तले उक्त घटना शंकास्पद र रहस्यमय रहेको भन्दै छानबिनको माग गर्दै राजविराजमा प्रदर्शन गरेका हुन् ।

गत आइतबार १९ वर्षीय मण्डलको मृत शरीर राजविराज कारागारको क ब्लकमा रहेको शौचालय भित्र फेला परेको थियो ।

घाँटीमा गम्छाको पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको उनको मृत शरीर तत्कालै आवश्यक प्रक्रिया पश्चात पोस्टमार्टमका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याइएको थियो ।

दुई दिनदेखी स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा राखिएको मण्डलको शव उनका आफन्तको अनुरोध अनुसार सोमबार साँझ पोष्टमार्टमका लागि धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी ढुण्डिराज नेउपानेले प्रारम्भिक अनुसन्धानले आत्महत्या नै गरेको देखिएपनि पोस्टमार्टम रिपोर्ट आएपछि सो बारे थप विवरण सार्वजनिक गरिने बताए ।

कारागारका निमित्त जेलर सदानन्द दासले कुनै केटी साथीको विषयलाई लिएर मण्डल केही दिन यता तनावमा रहँदै आएको आफूले कैदी बन्दीहरूबाट सुनेको बताउँदै केटी साथी को हुन् भन्ने बारे आफूलाई कुनै जानकारी नरहेको उनको भनाइ छ ।

"शौचालय गएका मण्डल निकै बेरसम्म बाहिर ननिस्केपछि ढोका खोल्ने प्रयास भयो, तर भित्रैबाट चुकुल लागेको बुझिएपछि शंका लागेर प्रहरी र मण्डलका आफन्तलाई खबर गऱ्यौ जेलर दासले भने, त्यसपछि सबैको उपस्थितिमा ढोका फोडेर हेर्दा मण्डल झुन्डिएको अवस्थामा फेला परे ।"

जेलर दासका अनुसार मण्डल गत साउन १३ गते १५ वर्षीय बालिकाको अपहरण तथा बलात्कार गरेको आरोपमा पूर्वपक्षका लागि माघ २१ गतेदेखि राजबिराज कारागारमा थिए ।

यता मृतकका आफन्तले भने प्रेम सम्बन्धम स्वीकार नगरेका केटीका अभिभावकले अपहरण तथा बलात्कारको झुठो आरोप लगाएर फसाएको तथा षडयन्त्र गरेर कारागार भित्र हत्या गराएको दाबी गरेका छन् । मृतकका आमा अनितादेवी मण्डलका अनुसार देबेन्द्रको सोही वडाकी एक केटीसँग प्रेम सम्बन्ध थियो । प्रेम गहिरो भएपछि उनीहरु भागेर प्रेम विवाह समेत गरेका थिए । तर, केटीका अभिभावकले उक्त प्रेम विवाह अस्वीकार गर्दै प्रहरीमा अपहरण तथा बलात्कारको झुठो उजुरी दिई फसाएको उनको भनाई छ । छोरा कारागार चलान भएपछि पनि केटी पटक पटक आफू र छोरालाई कारागारमा समेत गई भेटेको-बोलेको उनले सुनाइन् ।

यसबारे केटीका अभिभावकले थाहा पाएपछि आफू र छोरालाई डरत्रास र धम्क्याउन थालेपछि छोरा झन तनावमा परेको उनले सुनाईन् । उमेर नपुगि दुबै जनाले प्रेम विवाह गरेकाले कानुनी व्यवस्थाको निहुँमा केटीका अभिभावकले झुठो उजुरी दिएको परिवारजनको दाबी छ ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगाग्रत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

# अन्तर्राष्ट्रिय समाचार

## रुसी विपक्षी नेता नाभाल्नीको कारागारमै मृत्यु

**मस्को**/रुसी विपक्षी नेता एलेक्सी नाभाल्नीको शुक्रबार आर्कटिक जेल कोलोनीमा मृत्यु भएको रुसको सङ्घीय कारागार सेवाले बताएको छ । उक्त कारागारमा नाभाल्नीले १९ बर्षको सजाय काटिरहनुभएको थियो ।

नाभाल्नी टहल्न जाँदा बेहोश हुनुभएको र चिकित्सकहरूले उहाँलाई बचाउन नसकेको कारागार सेवाले जनाएको छ । "टहलेपछि नाभाल्नीले अप्ठ्यारो महसुस गर्नुभयो, उहाँ तत्काल बेहोश हुनुभयो, मेडिकल स्टाफ तुरुन्तै आइपुग्यो र एउटा एम्बुलेन्स टिमलाई बोलाइयो", कारागार सेवाले भनेको छ, "पुनर्जीवनको उपाय गर्दा सकारात्मक परिणाम आएन, प्यारामेडिकहरूले उहाँको मृत्युको पुष्टि गरे, मृत्युको कारण पत्ता लगाउने प्रयास भइरहेको छ ।"

रुसको अनुसन्धान समितिले उहाँको मृत्युको अनुसन्धान सुरु गरिएको जानकारी दिएको छ । नाभाल्नीका प्रेस सचिव किरा यर्मिशले उहाँको टिमलाई मृत्युको सूचना नदिइएको बताउनुभयो । उहाँले सामाजिक सञ्जालमा एक पोस्टमा भन्नुभयो, "एलेक्सीका वकिल उडानमार्फत अहिले खार्प गइरहेका छन् ।" खार्पमा उहाँ रहेको कारागार कोलोनी छ ।

उहाँका प्रवक्तालाई उद्धृत गर्दै रुसी समाचार एजेन्सीहरूले राष्ट्रपति भ्लादिमिर पुटिनलाई नाभाल्नीको मृत्युको जानकारी दिइएको बताएका छन् । रुसका सबैभन्दा प्रख्यात ४७ वर्षीय विपक्षी नेता नाभाल्नीले रुसमा भ्लादिमिर पुटिनको भ्रष्टाचारको आलोचना गरेपछि सबैभन्दा ठूलो सङ्ख्यामा अनुयायी बनाउनुभएको थियो ।

रुसको कठोर प्रति-विरोधी कानूनका बावजुद उहाँको युटचुब च्यालनमा पोस्ट गरिएका उहाँको खुलासाले लाखौं 'भ्यु' प्राप्त गरेको थियो र हजारौं रुसीलाई सडकमा ल्याएको थियो ।

जर्मनीबाट रुस फर्केपछि सन् २०२१ को प्रारम्भमै उहाँलाई कारागारमा पठाइयो । कारागारमा उहाँ सोभियत युगको स्नायु एजेन्ट नोभिचोकसँग करिब घातक विषको हमलाबाट निको भइरहनुभएको थियो ।

स्वतन्त्र अधिकार समूह र पशिचममा क्रेमलिनको व्यापक रूपमा निन्दा गरिएको आरोपको प्रतिशोधमा उहाँलाई १९ बर्षको कारागार सजाय सुनाइएको थियो । गत बर्षको अन्त्यमा उहाँलाई उत्तरी साइबेरियामा रुसको यमालो-नेनेट्स क्षेत्रमा आर्कटिक कारागारको एक कोलोनीमा राखिएको थियो ।

नाभाल्नीको टेलिग्राम च्यानलमा अन्तिम पोस्टमा भ्यालेन्टाइन डेका अवसरमा आफ्नी श्रीमती युलिया नाभाल्नायालाई श्रद्धाञ्जलि राखिएको थियो । उक्त च्यानल निर्वासनमा आफ्ना वकिल र टिमहरूको माध्यमबाट उहाँले प्रबन्ध गर्नुभएको थियो । एजेन्सी

## गाजामा मृत्यु हुने प्यालेस्टाइनीक सङ्ख्या २८ हजार ७७५ पुग्यो

**गाजा**/गाजा पट्टीमा जारी इजरायली आक्रमणबाट मृत्यु हुने प्यालेस्टाइनीको सङ्ख्या २८ हजार ७७५ पुगेको छ भने अन्य ६८ हजार ५५२ जना घाइते भएको  हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ ।

मन्त्रालयले प्रेस विज्ञप्ति जारी गर्दै इजरायली सेनाको आक्रमणबाट गत २४ घण्टामा ११२ प्यालेस्टाइनीको मृत्यु भएको जनाएको छ । साथै उक्त आक्रमणबाट अन्य एक सय ५७ जना घाइते भएका छन् ।

प्यालेस्टिनी चिकित्सा स्रोतहरूले सिन्ह्वालाई बताए अनुसार गाजाको दक्षिणी शहर रफाहमा इजरायली हवाइ आक्रमणमा कम्तीमा ११ प्यालेस्टाइनीको मृत्यु भएको छ ।

यसैबीच, मन्त्रालयले इजरायली सेनाले आक्रमण गरेपछि गाजा पट्टीको दक्षिणमा रहेको खान युनिसको नासेर अस्पतालमा अक्सिजन आपूर्ति रोकिएको र बिजुली समेत अवरुद्ध हुँदा  ४ जना प्यालेस्टिनी बिरामीको मृत्यु भएको जनाएको छ ।

यसैबीच दुई जना महिलाले "बिजुली, पानी, खाना लगायत अत्यावश्यक मानवीय आपूर्ति अभावको विषम अवस्थामा बच्चा जन्माएका छन् । एजेन्सी

## इराकी सुरक्षा बलद्वारा लागुऔषध तस्करी सञ्जाल ध्वस्त

**बगदाद**/इराकी सुरक्षा बलले शुक्रबार इराकी राजधानी बगदाद र पशिचमी प्रान्त अन्बारमा लागुऔषध तस्करीको सञ्जाल ध्वस्त पारेको छ । सो कारबाहीमा २० लाखभन्दा बढी लागुऔषध चक्की बरामद गरिएको सुरक्षा स्रोतले जनाएको छ ।

इराकी गुप्तचर सेवासँग सम्बद्ध सुरक्षा बलले बगदादमा लुकेर बसेको ठाउँमा छापा मारेर अन्तरराष्ट्रिय  सञ्जालसँग सम्बन्धित केही प्रमुख लागुऔषध तस्करहरूलाई पक्राउ गरेको छ ।

सुरक्षा बलले विभिन्न कारबाहीमा करिब २० लाख लागुऔषध चक्की बरामद गरेको  छ । सो परिमाणको लागुऔषध इराकका विभिन्न ठाउँमा वितरण गर्ने उद्देश्यले ल्याइएको अनुसन्धानबाट पुष्टि भएको छ ।

इराकी सैन्य गुप्तचर विभागले शुक्रबार विज्ञप्ति जारी गर्दै बगदादबाट करिब ४०० किलोमिटर पशिचममा रहेको अन्बर प्रान्तको रुत्बा क्षेत्रमा गरिएको कारबाहीमा करिब ६ हजार लागुऔषध चक्की बरामद गरेको बताएको छ ।

इराकी सरकारले लागुऔषध तस्करीमा नियन्त्रण गर्न कडा कदम चालिरहेको छ । एजेन्सी

# शिवगुरु महोत्सवमा ओर्लियो जनसागर



**राजविराज**/सप्तरीमा शनिबार आयोजित एक धार्मिक समारोहमा भारतसमेतका भक्तजनहरुको घुंइचो देखिएको छ। जिल्लाको तिरहुत गाउँपालिकामा आयोजना गरिएको बिराट शिव गुरु महोत्सवमा भक्तजनको घुंइचो देखिएको हो।

महोत्सवमा आध्यात्मिक ज्ञान लिन तिरहुत गाउँपालिका र आसपासका बासिन्दाका साथै भारतीय सीमावर्ती क्षेत्रका समेत हजारौंको संख्यामा सहभागि थिए। ट्याक्टर, टेम्पु, म्याजिक, कार, जिप र बस लगायतका सवारीसाधान चढेर महोत्सव र शिवचर्चाको धार्मिक समारोहमा २५ हजार भन्दा बढी भक्तजन सहभागि हुन आएको गाउँपालिकाका अध्यक्ष बिजयकुमार यादवले बताए।

मानव कल्याण तथा भगवान शिवको महिमा बारे जागरण फैलाउने उद्देश्यले शिव शिष्य परिवार सप्तरीद्वारा आयोजना गरिएको उक्त धार्मिक समारोहमा भारत राचीका शिव शिश्य श्री अभिनव आनन्द, सहरसाका सुवोध कुमार मिश्र, समस्तीपुरका अरुण कुमार सिंह लगायतले भगवान शिवको महिमा बारे प्रवचन दिएका थिए।

# विज्ञापन एजेन्सीलाई कारवाही

**राजविराज**/विज्ञापन बोर्डले सम्झौतामा उल्लेखित रकमभन्दा बढी सेवा शुल्क लिने एक एजेन्सीलाई कारवाही गरेको छ।

बोर्डका प्रमुख प्रशासकीय अधिकृत एवं प्रवक्ता निशानराज गौतमले सोमबार एक विज्ञप्ति जारि गर्दै काठमाडौंस्थित अनामनगरका कोकिल मिडिया एजेन्सीले बढी शुल्क लिएर विज्ञापन प्रसारणको आदेश दिएको भन्दै कारवाही गरिएको जनाएका छन्।

नसर्ने रोग रोकथाम तथा नियन्त्रण सम्बन्धी विज्ञापन प्रसारण गर्न राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चायर केन्द्र, टेकु, काठमाडौंसंग उक्त एजेन्सीले मिति २०८०/०६/१२ मा गरेको सम्झौतामा उल्लेखित रकम भन्दा अत्यधिक सेवा शुल्क लिने गरि विज्ञापन प्रसारणको आदेश दिएको पाइएकोले उक्त जरिबाना गरिएको जारि विज्ञप्तिमा जनाइएको छ।

विज्ञप्तिमा दश हजार रुपैया जरिबाना र २०८१ साल असार मसान्तसम्म उक्त एजेन्सीको विज्ञापन कारोवार रोक्का गर्ने निर्णय समेत गरेको उल्लेख छ।

उक्त एजेन्सीले केन्द्रसँग विज्ञापन प्रसारण वापत प्रति स्पट रु.१०६६१ मा सम्झौता गरी एफएम रेडियोमा प्रति स्पट रु.११११ मा प्रसारण आदेश दिई प्रति स्पट रु.९८।५० अर्थात ९८६.५८ प्रतिशत सेवा शुल्क लिने तयारी गरेको पाइएपछि बोर्डले कारवाहीको निर्णय गरेको हो।

यस्तै विज्ञप्तिमा उक्त एजेन्सीले ५२ वटा एफएम रेडियोबाट विज्ञापन प्रसारण गर्नु पर्नेमा २० वटा एफएम रेडियोमा मात्र विज्ञापन प्रसारणको आदेश दिएको पाईएकोले बोर्डको २०८० साल माघ १९ गते बसेको बैठकले विज्ञापन (नियमन गर्ने) नियमावली २०७७ (पहिलो संशोधनसमेत) को नियम ११ ख को उपनियम (१)बमोजिम २०८१ साल असार मसान्तसम्म उक्त एजेन्सीको विज्ञापन कारोवार रोक्को राख्ने र सो अवधिसम्म उक्त एजेन्सीलाई विज्ञापन बोर्डमा सूचीकरण समेत नगर्ने निर्णय गरेको जनाएको छ।

बोर्डले २०८१ साल असार मसान्त सम्म कोकिल मिडियासंग कुनैपनि प्रकारको विज्ञापन कारोवार नगर्न नगराउनु हुन सबै विज्ञापनदाता तथा सञ्चार माध्यममा अनुरोध समेत गरेको छ।

# अधिकृत गुरुङलाई नियमित कामकाज गर्न दिन अदालतको आदेश

**राजविराज**/राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङलाई नियमित कामकाज गर्न उच्च अदालत जनकपुर-राजविराज इजलाशले अन्तरिम आदेश दिएको छ। न्यायाधिश कौशल चन्द्र सुवेदीको इजलासले सो अन्तरिम आदेश जारी गरेको हो।

प्रमुख प्रशासकिय अधिकृत गुरुङलाई संघिय मामिला तथा सामन्य प्रशासन मन्त्रालय फिर्ता पठाउने नगरपालिकाको निर्णय विरुद्ध परेको उत्प्रेसन रिटमा अदालतले बुधबार अल्पकालिन अन्तरिम आदेश दिएको छ।

आदेशमा अन्तरिम आदेशको छलफलका लागी पेशी तोकिएको मिति सम्म निवेदकलाई हाजिर भई नियमित कामकाज गर्न अवरोध नगर्नू/गर्न नदिनु भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम विपक्षीहरुको नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरि दिएको समेत उल्लेख गरिएको छ।

आदेशमा यसमा के कसो भएको हो ? निवेदकको माँग बमोजिमको आदेश किन जारी हुनु नपर्ने ? आदेश जारी नहुनु पर्ने कुनै आधार र कारण भए सो समेत उल्लेख गरी १५ दिन भित्र आफै वा कानुन बमोजिमको प्रतिनीधी मार्फत लिखित जवाफ पेश गर्नु भनी उल्लेख छ।

आदेशमा फागुन ६ गते दुबै पक्षको उपस्थितीमा छलफल गराई निष्कर्षमा पुग्न उपयुक्त हुने भन्दै सो प्रयोजनका लागी सोही दिनको पेशी समेत तोकिएको छ।

राजविराज नगरपालिकाले मंगलबार प्रमुख प्रशासकिय अधिकृत गुरुङलाई संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय फिर्ता पठाउने निर्णय गरेको थियो। सो निर्णय गैरकानुनी भएको भन्दै निर्णय बदरका लागी उत्प्रेसन आदेश जारी गरी पाउँ भनी उनी न्याय खोज्दै अदालत पुगेका हुन्।

नगरपालिकाका कार्यबाहक नगर प्रमुख इसरत परवीनको अध्यक्षतामा गत माघ १९ गते बसेको कार्यपालिकाको बैठकले कर्मचारी भन्दा राजनीती गर्न खोजेको र कार्यालयको काममा उदासिन रहेको आरोप लगाउदै प्रमुख प्रशासकिय अधिकृत गुरुङलाई मन्त्रालय फिर्ता पठाउने निर्णय गरेको थियो।

प्रमुख प्रशासकिय अधिकृत गुरुङले कुनै पनि पालिकाका जनप्रतिनीधीलाई संघिय सरकार मातहतका कर्मचारीलाई फिर्ता पठाउने र सरुवा गर्ने अधिकार नरहेको भन्दै सो निर्णय विरुद्ध कार्यवाहक नगर प्रमुख परवीनलाई विपक्षी बनाउदै अदालतमा उत्प्रेसन रिट दायर गरेका थिए।

# गाईको बाच्छो मारेर खाएको आरोपमा तीन जना पक्राउ

**राजविराज**/गाईको बाच्छो मारि खाएको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको हनुमानगर कंकालिनी नगरपालिका वडा नं. १३ बस्ने २५ वर्षिय मो. समसाद, ३५ वर्षिय कैजुन मंसुरी र ४० वर्षिय जमुल मन्सुरी छन्।

स्थानीयले बाच्छो काट्न प्रयोग गरिएको घरेलु हतियारसहित तीनै जनालाई पक्राउ गरि बुधबार इलाका प्रहरी कार्यालय हनुमाननगरमा बुझाएका थिए।

वडा अध्यक्ष अजय यादवका अनुसार चार दिन अघि स्थानीयवासी तेज नारायण यादव सिपलियाको गाईको बाच्छो चोरी भएपछि सो बारे पत्ता लगाउने क्रममा ती तिन जनाले चोरी गरी लगेका थिए। उनीहरुले बाच्छो मारेर खाएको खुल्न आएपछि बाच्छो काटेर मार्ने क्रममा प्रयोग गरिएका घरेलु हतियार समेत नियन्त्रणमा लिई प्रहरीको जिम्मा लगाइएको हो।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले इलाका प्रहरी कार्यालय हनुमाननगरको हिरासतमा रहेका तिनै जनामाथी अनुसन्धान सुरु गरिएको र अनुसन्धान सकिएपछि कानुन बमोजिम कारवाही प्रकृया अघि बढाइने जानकारी दिएका छन्।



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिबाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रुपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वञ्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वञ्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*